MITERI
Development Bank Limited
मितेरी डेभलपमेन्ट बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट ख वर्गको इजाजत प्राप्त वित्तिय संस्था)
(पाँच जिल्ला कार्यक्षेत्र भएको)
(सुनसरी, मोरङ्ग, झापा, धनकुटा, उदयपुर)
Banking and beyond

च.नं.: 001/OP/215/079-80

मिति :२०७९।०९।०५

श्रीमान् प्रमुख ज्यू
नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

**बिषयः सत्रौं वार्षिक साधारण सभा सम्वन्धमा ।**

महोदय,

उपरोक्त सम्वन्धमा यस बैंकको मिति २०७९।०९।०५ गते बसेको संचालक समितिको २२५ औं बैठकले बैंकको सत्रौं वार्षिक साधारण सभा यहि आउदो पौष २०७९।०९।२७ गते बुधवार गर्ने निर्णय गरेको हुंदा सो को जानकारीको लागी अनुरोध छ । साथै उक्त साधारण सभाले पारित गरे पश्चात बैंकका शेयरधनीहरुलाई २०७९ असाढ मसान्तमा कायम शेयर पूँजीको १२।३५ प्रतिशत बोनस शेयर अर्थात रु.११,१५,७३,३६६।६७ (अक्षेरेपी एघार करोड पन्ध्र लाख त्रिहत्तर हजार तीन सय छयसठ्ठी र पैसा सतसठ्ठी) र सो बापत लाग्ने कर प्रयोजनका लागी ०।६५ प्रतिशतले हुने रकम रु.५८,७२,२८२।४६(अक्षेरेपी अन्ठाउन्न लाख बहत्तर हजार दुईसय बयासी र पैसा छयालिस)मात्र प्रदान गर्ने र उक्त प्रयोजनको लागी **बैंकको शेयर दाखिला खारेज कार्य मिति २०७९ पौष १४ गते देखि पौष २७ गते सम्म बन्द रहने** व्यहोरा समेत जानकारीको लागी अनुरोध छ ।

अतः यस सुचनालाई शेयरधनीहरुको जानकारीको लागी तहाँको सुचना पाटीमा टास गरीदिनु हुन एवं वेभसाइटमा समेत राखिदिनु हुन सादर अनुरोध छ ।

(तुलसी प्रसाद वस्ती)
कम्पनी सचिव / प्रमुख कार्यकारी अधिकृत

बोधार्थ,

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर

श्री सिडिएस एण्ड क्लियरीङ्ग लिमिटेड, काठमाण्डौं

**Head Office**
Dharan-12, Mahendra Path, Sunsari, Nepal
Tel.: 025-536317, 538317
E-mail : info@miteribank.com.np
Website : www.miteribank.com.np

**MITERI**
**Development Bank Limited**
**मितेरी डेभलपमेन्ट बैंक लिमिटेड**
Banking and beyond
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत-पत्र प्राप्त संस्था)
प्रधान कार्यालयः धरान १२, महेन्द्रपथ, धरान १२ सुनसरी, नेपाल फोन नं. ०२५-५३६३१७/५३८३१७
Email:- info@miteribank.com.np, Url: www.miteribank.com.np

को

# १७ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७९/०९/०६ गते)**

**श्री शेयरधनी महानुभावहरु,**

यस बैंकको मिति २०७९/०९/०५ गते बसेको सञ्चालक समितिको २२५ औं बैठकको निर्णयानुसार निम्न लिखित बिषय उपर छलफल गरी निर्णय गर्न यस बैंकको १७ औं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल र निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयर धनी महानुभावहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०७९/०९/२७ गते
**समय** : बिहान ११:०० बजे ।
**स्थान** : सुनसरी उद्योग बाणिज्य संघ, धरान १, सुनसरी

**छलफल तथा निर्णयको लागि निर्धारित विषय सुचिः**

**क) सामान्य प्रस्तावहरुः**

१. संचालक समितिको तर्फवाट प्रस्तुत हुने अध्यक्षज्यूको आ.व. २०७८/०७९ को बार्षिक प्रतिवेदन उपर छलफल गरी प्रतिवेदन पारित गर्ने ।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्तको वासलात, २०७८ श्रावण १ गते देखि २०७९ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ वमोजिम आ.व. २०७९/०८० को हरहिसाव लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । ( वर्तमान लेखापरिक्षक श्री अनुप कुमार श्रेष्ठ, विआरएस न्यौपाने एण्ड कम्पनी पून लेखापरिक्षणको लागि योग्य हुनुहुन्छ । )
४. संचालक समितिले शिफारीस गरे वमोजिम शेयरधनीलाई वोनस शेयर कर प्रयोजनको लागि चुक्ता पूँजिको ०.६५ प्रतिशत नगद लाभाशं रकम रु.५८,७२,२८२।४६ (अक्षेरेपी रु अन्ठाउन्न लाख बहत्तर हजार दुई सय बयासी र पैसा छयालिस) मात्र दिने प्रस्ताव स्वीकृत गर्ने ।
५. बैंकको नियमावली वमोजिम संस्थापक शेयरधनीको तर्फवाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना संचालकहरुको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्तावहरुः**

१. संचालक समितिले प्रस्ताव गरे वमोजिम आ.व. २०७८/०७९ को नाफावाट शेयरधनीलाई चुक्ता पूँजिको १२.३५ प्रतिशतका दरले हुने बोनश शेयर रकम रु.११,१५,७३,३६६।६७ (अक्षेरेपी रु. एघार करोड पन्ध्र लाख त्रिहत्तर हजार तीन सय छयसट्ठी र पैसा सतसट्ठी) मात्र प्रदान गर्ने प्रस्ताव स्वीकृत गर्ने ।
२. संचालक समितिको बैठक भत्ता, टेलीफोन तथा पत्रपत्रिका खर्च पुनरावलोकन गर्ने सम्वन्धमा ।
३. बैंकले गत आर्थिक वर्षमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत गरेको रु.१ लाख भन्दा वढिको खर्च अनुमोदन गर्ने सम्वन्धमा ।
४. कम्पनीको प्रवन्धपत्रमा आवश्यक परिमार्जन/संशोधन तथा थप गर्ने ।
५. मितेरी डेभलपमेण्ट बैंक लिमिटेड र अन्य कुनै उपयुक्त बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्वन्धमा :
   अ) यस बैंक र अन्य कुनै एक वा सो भन्दा बढि उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्बन्धी सम्पूर्ण प्रक्रिया अवलम्वन गरि कार्य अघि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
   आ) एक आपसमा गाभ्ने र गाभिने प्रक्रियामा चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मुल्यांकन गर्न मान्यता प्राप्त मुल्यांकनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तय गर्ने लगायतको सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
६. नियमनकारी निकायले दिएको निर्देशन बमोजिम बैंकको प्रवन्धपत्र र नियमावलीमा कुनै संशोधन गर्नु परेमा त्यस्तो संशोधन गर्ने लगायतका अन्य सम्पूर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग) विविध ।**

संचालक समितिको आज्ञाले
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी सामान्य जानकारीः**

१. सम्पुर्ण शेयरधनी महानुभावहरुलाई बैंकको शेयर लगतमा कायम रहेको सम्बन्धित ठेगानामा वित्तीय विवरण सहितको वार्षिक प्रतिबेदन पुस्तिका पठाईएको छ । कुनै कारणवस उक्त वित्तीय विवरण नपुगेमा बैंकमा सम्पर्क राखि वित्तीय विवरण प्राप्त गर्न सक्नु हुनेछ । सभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावले व्यक्तिगत रुपमा पठाएको सूचना तथा संम्लग्न प्रवेशपत्रको साथै शेयर प्रमाणपत्रको प्रतिलिपि वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा सवारी चालक अनुमतिपत्र वा परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।
२. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहनेले बैंकको प्रधान कार्यालय महेन्द्रपथ, धरान १२, सुनसरीमा ४८ घण्टा अगावै प्रोक्सी दर्ता गराईसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत बैंकको शेयरधनी हुन आवश्यक छ ।
३. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा प्रोक्सी दिइएको भए तापनि स्वत: बदर हुनेछ ।
४. एकै शेयरधनीले एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरि प्रोक्सी दिएमा सम्पुर्ण प्रोक्सीहरु स्वत: बदर हुनेछ ।
५. नावालक वा विछिप्त शेयरधनीको तर्फबाट बैंकको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।
६. शेयरधनीले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्षज्यू वा अध्यक्षको अनुमति पाएका व्यक्तिले उत्तर दिइनेछ ।
७. सभामा भाग लिन प्रत्येक शेयरवाला महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिर पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका दिनको ११:०० बजेदेखी सभा समय सम्म खुल्ला रहनेछ ।
८. शेयरधनी महानुभावहरुलाई सु-सुचित गराउन सकियोस भन्ने दृष्टिकोणले केहि शेयरधनी महानुभावलाई बैंक सम्बन्धी जिज्ञाशा भए विविध बिषय अन्तर्गत त्यसको लिखित रुपमा सभा हुनु भन्दा ७ (सात) दिन अगावै बैंकको प्रधान कार्यालय महेन्द्रपथ, धरान-१२, सुनसरीमा पठाउनु अनुरोध छ तर यसलाई छलफल र पारित हुन प्रस्तावको रुपमा समावेश गरिने छैन ।
९. **यस वार्षिक साधारण सभा तथा लाभांश प्रयोजनको लागि शेयर दाखिल खारेज गर्ने कार्य मिति २०७९/०९/१४ गते देखि २०७९/०९/२७ गते सम्म बन्द रहनेछ ।**
१०. साधारण सभा तथा संचालक निर्वाचन सम्बन्धि जानकारी तथा अन्य आवश्यक जानकारीको लागि यस डेभलपमेन्ट बैंकको रजिष्टर्ड कार्यालय महेन्द्रपथ, धरान १२, सुनसरी फोन नं. ०२५-५३६३१७/५३८३१७ मा सम्पर्क राख्न हुनु अनुरोध गरिन्छ ।

मितेरी डेभलपमेन्ट बैंक लि.
प्रधान कार्यालय
धरान, सुनसरी